# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

पत्र संख्या:
चलानी नं.


## गुरु किसान छनौट तथा नमुना फार्म स्थापना सहयोग कार्यक्रमका लागी प्रस्ताव आव्हान सम्बन्धी सूचना ।

सूचना नं. कृषि- ०३/०८२/८३

(पहिलो पटक प्रकाशित मिति: २०८२/०८/२१)

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

उपरोक्त सम्बन्धमा सिद्धलेक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि विकास शाखाको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत गुरु किसान छनौट तथा नमुना फार्म स्थापना सहयोग कार्यक्रम (संघीय सशर्त) संचालन गर्नुपर्ने भएको हुँदा यस गाउँपालिका भित्रका ईच्छुक व्यावसायिक/ अगुवा कृषक एवम कृषि उद्यमी/ कृषि फर्मबाट प्रस्ताव आव्हानका लागी यो सूचना प्रकाशित गरिएको छ ।

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को दफा १२ ले व्यवस्था गरेका क्रियाकलापहरु संचालनका लागी आजको मितिबाट २१ दिन भित्र (मिति २०८२/०९/१३ गते) निम्नानुसार बमोजिमका कागजात संलग्न गरी यस गाउँपालिकाको कृषि विकास शाखामा आवेदन तथा प्रस्ताव पेश गर्नुहुन सुचित गरिन्छ । साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**आवश्यक कागजातहरु:**

(१) निवेदन ।

(२) व्यहोरा खुल्ने प्रस्ताव, निवेदकको नागरिकताको प्रतिलिपि ।

(३) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने कागजात/करारनामा पत्र ।

(४) कृषि फर्मको हकमा दर्ता प्रमाण पत्र/नविकरण, करचुक्ता सम्बन्धी कागजात, स्थायी लेखा नम्बर (प्यान) प्रमाणपत्रको प्रतिलिपी ।

(५) कार्ययोजना बमोजिम कार्य गर्ने र सोहि प्रकृतीको कार्यक्रम अन्य कुनै संघ संस्थाबाट दोहोरोपना नपरेको सम्बन्धी स्व-घोषणा र प्रतिवद्धता पत्र ।

(६) **गुरु किसानमा हुनुपर्ने न्यूनतम योग्यता:**

- ✓ लेखपढ गर्न जान्ने
- ✓ सिंचाईको सुविधा भएको जग्गामा कम्तीमा २ रोपनी जग्गामा फलफुल वा तरकारी खेती गरिरहेको
- ✓ फलफुल तथा तरकारी खेती सम्बन्धी नवीनतम प्रविधिहरु परक्षण तथा प्रदर्शन कार्यक्रम संचालन गर्न ईच्छुक
- ✓ फलफुल तथा तरकारी खेती सम्बन्धी तालिम लिएको
- ✓ स्वयंसेवकका रुपमा सेवा दिन र कार्य गर्न प्रतिवद्ध रहेको

**विशेष प्राथमिकता:** ग्रामिण कृषि कार्यकर्ता; कृषक सहजकर्ता; कृषि सम्बन्धी तालीम लिएकाहरु

थप जानकारीका लागी गाउँपालिका/वडाका कृषि प्राविधिकहरुलाई सम्पर्क गर्नुहुन अनुरोध छ ।

अविनाश भण्डारी
प्रमुख प्रशासकीय अधिकृत


Website: www.siddhalekmun.gov.np, Email: info@siddhalekmun.gov.np & sidhalekhruralmun@gmail.com



CamScanner

सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बुङ्चुङ, धादिङ
बागमती प्रदेश, नेपाल

पत्र संख्या:
चलानी नं.

## प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रमका लागी प्रस्ताव आव्हान सम्बन्धी सूचना ।

सूचना नं. कृषि- ०१/०८२/८३

**(पहिलो पटक प्रकाशित मितिः २०८२/०८/२१)**

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

उपरोक्त सम्बन्धमा सिद्धलेक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि विकास शाखाको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत **प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम (संघीय सशर्त)** संचालन गर्नुपर्ने भएको हुँदा यस गाउँपालिका भित्रका ईच्छुक कृषक/कृषि उद्यमी/कृषक समूह/कृषि सहकारी/कृषि फर्मबाट प्रस्ताव आव्हानका लागी यो सूचना प्रकाशित गरिएको छ ।

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को दफा १२ ले व्यवस्था गरेका क्रियाकलापहरु संचालनका लागी आजको मितिबाट २१ दिन भित्र (मिति २०८२/०९/१३ गते) निम्नानुसार बमोजिमका कागजात संलग्न गरी यस गाउँपालिकाको कृषि विकास शाखामा आवेदन तथा प्रस्ताव पेश गर्नुहुन सुचित गरिन्छ । साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**आवश्यक कागजातहरुः**

(१) व्यहोरा खुल्ने प्रस्ताव सहितको निवेदन ।

(२) निवेदकको नागरिकताको प्रतिलिपि ।

(३) कृषक समूह/कृषि फर्म/सहकारीको हकमा दर्ता प्रमाण पत्र/नविकरण, करचुक्ता सम्बन्धी कागजात, स्थायी लेखा नम्बर (प्यान) प्रमाणपत्र र समूहको हकमा कार्यसमितिको निर्णयको प्रतिलिपी ।

(४) सम्बन्धित संस्था/समूहले जिम्मेवारी तोकेको व्यक्ति सम्बन्धि विवरण साथै नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

(५) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने कागजात/करारनामा पत्र ।

(६) खुल्ला जमिनमा प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम साझेदारी गर्नका लागी ईच्छुक कृषक समूह/सहकारीले न्यूनतम ६० रोपनी र कृषि फर्मले ५ रोपनी को क्लष्टरको रुपमा प्रस्ताव पेश गर्नुपर्नेछ ।

(७) कार्ययोजना बमोजिम कार्य गर्ने र सोहि प्रकृतीको कार्यक्रम अन्य कुनै संघ संस्थाबाट दोहोरोपना नपरेको सम्बन्धी स्व-घोषणा र प्रतिवद्धता पत्र ।

**थप जानकारीका लागीः** ९८६६०२२६३३ (वडा न. १); ९८६९२४३७५३ (वडा न. २ र ३); ९८६८८३६८८१ (वडा न. ४); ९८०३२९९२८७ (वडा न. ५); ९८४८२६०२६६ (वडा न.६); ९८६१५६०१९६ (वडा न. ७)

अनिशा आचार्य
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बडचड, धादिङ
बागमती प्रदेश, नेपाल

पत्र संख्या:
चलानी नं.

**व्यवसायिक मौरी प्रवर्द्धन कार्यक्रमका लागी प्रस्ताव आव्हान सम्बन्धी सूचना ।**

**सूचना नं. कृषि- ०२/०८२/८३**

**(पहिलो पटक प्रकाशित मितिः २०८२/०८/२१)**

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

उपरोक्त सम्बन्धमा सिद्धलेक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि विकास शाखाको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत व्यवसायिक मौरी प्रवर्द्धन कार्यक्रम (संघीय सशर्त) संचालन गर्नुपर्ने भएको हुँदा यस गाउँपालिका भित्रका कृषि व्यवसायमा संलग्न ईच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्म/उद्यमी कृषकबाट प्रस्ताव आव्हानका लागी यो सूचना प्रकाशित गरिएको छ ।
प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को दफा १२ ले व्यवस्था गरेका क्रियाकलापहरु संचालनका लागी आजको मितिबाट २१ दिन भित्र (मिति २०८२/०९/१३ गते) निम्नानुसार बमोजिमका कागजात संलग्न गरी यस गाउँपालिकाको कृषि विकास शाखामा आवेदन तथा प्रस्ताव पेश गर्नुहुन सुचित गरिन्छ । साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**आवश्यक कागजातहरुः**

(१) व्यहोरा खुल्ने प्रस्ताव (आवश्यक सामग्रीको विवरण समेत) सहितको निवेदन ।
(२) निवेदकको नागरिकताको प्रतिलिपि ।
(३) कृषक समूह/कृषि फर्म/सहकारीको हकमा दर्ता प्रमाण पत्र/नविकरण, करचुक्ता सम्बन्धी कागजात, स्थायी लेखा नम्बर (प्यान) प्रमाणपत्र र समूहको हकमा कार्यसमितिको निर्णयको प्रतिलिपी ।
(४) सम्बन्धित संस्था/समूहले जिम्मेवारी तोकेको व्यक्ति सम्बन्धि विवरण साथै नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
(५) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने कागजात/करारनामा पत्र ।
(६) हाल मौरीपालन गरिएको घार संख्या खुल्ने कागजात ।
(७) कार्यविधि बमोजिम लागत साझेदारी गर्ने भनी प्रतिवद्धता पत्र ।
(८) कार्ययोजना बमोजिम कार्य गर्ने प्रतिवद्धता र सोहि प्रकृतीको कार्यक्रम अन्य कुनै संघ संस्थाबाट विगत २ वर्ष यता दोहोरोपना नपरेको सम्बन्धी स्व-घोषणा पत्र ।

**थप जानकारीका लागी:** ९८६६०२२६३३ (वडा न. १); ९८६९२४३७५३ (वडा न. २ र ३); ९८६८८३६८८१ (वडा न. ४); ९८०३२९९२८७ (वडा न. ५); ९८४८२६०२६६ (वडा न.६); ९८६१५६०१९६ (वडा न. ७)

अनिशा अधिकारी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
सिद्धलेक गाउँपालिकाको कार्यालय,
बुङचुङ, धादिङ ।

विषय :………………………………सहभागी गराईदिनुहुन सम्बन्धमा ।

प्रस्तुत विषयमा सिद्धलेक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि विकास शाखाको मिति २०८२/०८/२१ गते प्रकाशित सूचना अनुसार यस सिद्धलेक गाउँपालिका वडा नं. ……., …………………… निवासी म/हामी …………………………………………… ५० प्रतिशत लागत साझेदारीमा …………………………………………… कार्यक्रममा सहभागी हुन ईच्छुक भएको हुँदा सो कार्यक्रममा सहभागी गराईदिनु हुन भनी आवश्यक कागजात सहित यो निवेदन पेश गर्दछु/गर्दछौं ।

निवेदक

नाम :
ठेगाना :
सम्पर्क नं.:
हस्ताक्षर :
संस्थाको नाम र छाप :

CamScanner

# सिद्धलेक गाउँपालिका, कृषि विकास शाखा

............................................................ कार्यक्रमको प्रस्तावना

१। अनुदानग्राहीको नामः

२। ठेगानाः

३। कार्यक्रमको उद्देश्यः

४। कार्यक्रम अन्तर्गत माग क्रियाकलापः

५। कार्यक्रम अन्तर्गत माग सामग्री विवरण/संख्याः

६। हाल खेती गरिरहेको क्षेत्रफलः

७। लगानी गर्न सक्ने क्षेमताः

८। कार्यक्रमबाट लाभान्वित हुने कृषक परिवार संख्याः

निवेदकः

नामः

पदः

सम्पर्क न.

मितिः

छापः

CS CamScanner

सूचना नं. कृषि- ०१/०८२/८३

प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम अन्तर्गत माग गर्न सकिने क्रियाकलापहरु :

(५०% लागत साझेदारी)

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

१। प्राङ्गारिक कृषि उत्पादन सम्बन्धी तालीम

२. भकारो सुधार गहुत संकलन सहित

३. प्लास्टिक पोखरी निर्माण

४. प्लास्टिक टनेल निर्माण

५. थोपा सिचाई सेट माग

६. मल्चिंग प्लास्टिक माग

७. प्लास्टिक टनेलमा किरा नछिर्ने जाली माग

८. भर्मी कम्पोष्ट मल उत्पादनका लागी भर्मीसेड निर्माण

९. जैविक तथा वनस्पतिक विषादी वा झोल मल उत्पादन

१०. नर्सरी उत्पादन, विउ/विरुवा

११. अन्य कार्यविधिमा व्यवस्था भए बमोजिम

नोटः खुल्ला जमिनमा प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम साझेदारी गर्नका लागी ईच्छुक कृषक समूह/सहकारीले न्यूनतम ६० रोपनी र कृषक/कृषि फर्मले कम्तीमा ५ रोपनीको क्लष्टरको रुपमा प्रस्ताव पेश गर्नुपर्नेछ ।

CamScanner